# राजनीतिककर्मीहरूद्वारा बाल अधिकारहरूको संरक्षण हुनैपर्छ

लेना सुन्ध, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी नेपालस्थित प्रतिनिधि
गिलियन म्यल्सप्, राष्ट्रसंघीय बाल कोष (युनिसेफ) प्रतिनिधि

विगत ११ वर्ष लामो सशस्त्र द्वन्द्वको अवधिमा नेपालका बालबालिकाको हिंसारहित वातावरणमा हुर्कन पाउने अधिकार निकै गम्भीररुपमा प्रभावित हुँदै आएको छ । द्वन्द्वमा संलग्न दुबै पक्षबाट बालबालिकालाई गलत किसिमले काममा लगाइएका, प्रशिक्षित, प्रयोग गरिएका, घाइते बनाइएका र मारिएका छन् । यसबाहेक विगत केही दशकदेखि विकसित हुँदै आएको राजनीतिक संस्कृतिमा पनि बालबालिका राजनीतिक हस्तक्षेपबाट अलग रहेर हुर्कन पाउने अधिकारलाई पूर्णरुपमा सम्मान गरिएको छैन ।

यसका उदाहरणहरूका रुपमा, शैक्षिक निकायहरूको राजनीतिकरण र शिक्षकहरूको छनोट राजनीतिक दल तथा राजनीतिककर्मीहरूको लाइनका आधारमा हुनु तथा राजनीतिक दललगायत विद्यार्थी युनियनहरूले आधारभूत नियमहरू विपरीत उनीहरूका अभिभावकहरूको स्वीकृति नलिइ वा कुनै जानकारी नै नदिइ विद्यालयमा प्रवेश गरी बालबालिकालाई जुलुसहरूमा लानु, नेकपा-माओवादीले विद्यालयहरूबाट बालबालिकालाई उनीहरूका अभिभावकहरूको चाहाना विपरीत आफ्ना मिलिसिया (छापामार), संस्कृतिक टोली तथा अन्य संगठनहरूमा भर्ना गर्नु साथै ठूलो संख्यामा रहेका सडक बालबालिकाहरूलाई राजनीतिक प्रदर्शन तथा विरोध कार्यक्रमहरूमा सक्रियरुपमा सहभागी गराउन आकर्षित गर्नेजस्ता कार्यहरू पर्दछन् । यो कुरा सन् २००६ मा र हालसालै तराइमा भएका विरोध प्रदर्शनहरूमा धेरै संख्यामा बालबालिका घाइते भएबाट पनि स्पष्ट हुन आउँछ ।

यदि रोकथामसम्बन्धी उपायहरू अवलम्बन गरिएन भने बालबालिका थप हिंसाको शिकार हुन र गलत किसिमका काममा लागाइन सक्छन् ।

बालबालिका र राजनीतिक गतिविधिसम्बन्धी सिद्धान्तहरू:
बालबालिकाहरू आफ्ना विचारहरू अभिव्यक्त गर्न स्वतन्त्र छन् अथवा यदि उनीहरू चाहन्छन् भने त्यसो नगर्न पनि सक्छन् । बालबालिकालाई उनीहरूका विचारहरू स्वतन्त्रपूर्वक अभिव्यक्त गर्नमा रोक लाग्न सक्ने गरी अथवा उनीहरूमाथि दबाब दिइएको, रोक लगाइएको अथवा उनीहरूलाई गलत काम गर्न प्रेरित गरिएको अनुभव हने गरी दबाब दिइनुहुँदैन । बालबालिकालाई बाल्यअवस्था भरी नै उनीहरूमा सुझबुझ सहितका विचारहरू विकास गर्न र सकारात्मक ढङ्गले आफूलाई अभिव्यक्त गर्न उपयुक्त स्थान दिइनुपर्छ ।
बाल अधिकारसम्बन्धी महासन्धि ( सीआरसी ) जुन नेपालले हस्ताक्षर गरी सकेको छ त्यसअनुसार "बालबालिका" भनेका १८ वर्षभन्दा काम उमेरका व्यक्ति हुन भन्ने बुझ्नुपर्छ भनेर व्याख्या गरेको छ । यसले बालबालिकाकाले उनीहरूमाथि असर पुऱ्याउने कुनै पनि विषयमा आफ्ना विचार अभिव्यक्त गर्न पाउने लगायतका थुप्रै अधिकारहरूको सुनिश्चित गरेको छ । उक्त महासन्धि (सीआरसी) ले निर्णयहरू माथि प्रभाव पार्न पाउने हकबारे जोड दिएको छ । तर, यसले बालबालिकाका विचारहरूलाई स्वतः पारित गरिनुपर्छ भन्ने कुरालाई भने मान्दैन । सम्वाद र विचारको आदानप्रदानलाई प्रोत्साहित गरिनुपर्छ जसमा अभिभावकले आफ्ना बालबालिकालाई निर्देशन र पदप्रर्दशन भने गर्नु अनिवार्य छ ।

उक्त महासन्धिले बालबालिकाको सूचना पाउने तथा सूचना आदानप्रदान गर्ने अधिकारको पनि सुनिश्चित गरेको छ । बालबालिकालाई विद्यमान विकल्पहरू र त्यस्ता विकल्पहरूको प्रभावका बारेमा पनि आवश्यक सूचना उपलब्ध गराइनु आवश्यक छ, जसले गर्दा उनीहरूले परिपक्व र स्वतन्त्र निर्णयहरू गर्न सक्छन् । विचार, सदविवेक, धार्मिक स्वतन्त्रतासम्बन्धी अधिकार र संगठित हुन र शान्तिपूर्ण ढङगले भेला हुन पाउने अधिकारहरू समेतलाई उक्त महासन्धिमा सुनिश्चित गरिएको छ ।

नेपाल सरकार र नेकपा-माओवादी दुबैले पेरिस सिद्धान्तका प्रवाधानहरूलाई अनुमोदन गरी सकेका छन् जसले उनीहरूलाई 'जो बालबालिका सशस्त्र फौज वा समूहबाट मुक्त भएका तथा छाडेका छन्, उनीहरूलाई राजनीतिक प्रचारबाजीलगायत कुनै पनि दलको रानीतिक उद्देश्यका लागि प्रयोग नगरिएको कुराको सुनिश्चित गर्ने' कुरामा प्रतिवद्ध गराएको छ ।

राजनीतिककर्मीहरूद्वारा बालबालिकाका प्रयोग र दुर्व्यबहारलाई रोक्नेः

युनिसेफ र ओएचसीएचआर निम्न कुरामा विश्वास गर्छन्:

- बालबालिकालाई राजनीतिकरुपमा गलत किसिमले प्रयोग गरिनबाट जोगाउने तथा संरक्षण दिने जिम्मेवारी नेपाल सरकारको हो ।
- राजनीतिक भेला, जुलुस अथवा प्रदर्शनहरूका आयोजकहरू नै त्यहाँ उपस्थित बालबालिकाको सुरक्षा र संरक्षण जस्ता कुराको सुनिश्चितता गर्ने कुरामा जिम्मेवार हुनुपर्छ ।

- राजनीतिक गतिविधका क्रममा बालबालिकाको दुरुपयोग तथा उनीहरूलाई गलत किसिमले संलग्न गराउन सक्ने कुरामा रोक लगाउने खालका प्रवाधानहरू सहितको आचार संहितालाई राजनीतिक दलहरूले लागू गर्नुपर्छ।
- किशोरकिशोरीहरूलाई सचेत ढङ्गले राजनीतिक गतिविधिमा सहभागी हुनका लागि उनीहरूसँग आवश्यक छलफल गर्न अभिभावकहरूलाई प्रोत्साहित गरिनुपर्छ ।
- हुर्किएका बालबालिकालाई आफ्ना बाबु आमाको रेखदेख बिना नै जुलूस तथा प्रर्दशनहरूमा सहभागी गराइनुहुन्न ।
- वयश्क किशोर किशोरीहरूले राजनीतिक लुलुस तथा प्रदर्शनमा भाग लिनु पहिले आफ्ना अभिभावकको अनुमति लिनु आवश्यक छ ।
- राज्यका विभिन्न निकायहरू, राजनीतिक दलहरू र बालहित संरक्षणमा संलग्न निकायहरूले सार्वजनिक प्रदर्शन तथा जुलुस भएको बखत तथा त्यसको वरिपरि रहेका घरवार विहीन र जोखिममा रहेका बालबालिकाहरूलाई उचित किसिमले हेरचाह गरिएको छ भन्ने कुरा सुनिश्चित गर्न विशेष खालका उपाय अपनाउनु पर्छ ।
- शैक्षिक प्रणालीका माध्यमबाट प्रजातान्त्रिक प्रक्रियाप्रतिको बालबालिकाको बुझाइलाई विकसित गरिनु पर्छ र यस कुरालाई लागु गर्न पाठ्यक्रमको समीक्षा गर्नुपर्छ ।
- निम्न कुराकालागि सम्बन्धित मन्त्रालयहरूले प्रशासनिक नीति नियमहरू विकास गर्नु आवश्यक छ :
  - शैक्षिक सेवा दिने स्थानहरूबाट हुने राजनीतिक गतिविधिहरू सञ्चालन हुन नदिन,
  - विद्यार्थी, कर्मचारी, अभिभावक, वैधानिक अभिभावक र अन्य जसको उपस्थिति आवश्यक छ उनीहरूलाई मात्र विद्यालयमा प्रवेश गर्न अनुमति दिने र विद्यालयहरू वन्दका बेला पनि सञ्चालन गर्न सकिने कुराको सुनिश्चित गर्न,
  - राजनीतिक आवद्धता नभएका शैक्षिक गतिविधिसँग सुहाउँदो खालका युवा संठगठनहरूको गठनलाई मात्र प्रर्वद्धन गर्नुपर्छ ।
  - विद्यालयहरूमा राजनीतिकरुपमा आवद्ध समूह तथा युनियनहरूको गठन हुनबाट रोक्ने,
  - विद्यालय समयभन्दा अघिपछि मात्र विद्यालयलाई मतदान केन्द्रका रुपमा प्रयोग गरिनुपर्छ ।

हाल देशमा कायम रहेको राष्ट्रियस्तरको बहसमा बालबालिकाको सहभागितालाई प्रोत्साहित गरिनु पर्छ तर यो बालबालिकाको उमेर सुहाउँदो किसिमको हुनु आवश्यक छ ।

निर्वाचन आचारसंहिता र कानुनः

निर्वाचन पद्धतिसँग सम्बन्धित एउटा आचार संहिता राजनीतिक दलहरूबाट पारित गर्न अहिले तयार गरिदैछ र अन्य कानुनहरूको मस्यौदा गरिएको छ । ओएचसीएचआर र युनिसेफले ती दस्तावेजहरूका मस्यौदामा बालहित संरक्षणसँग सम्बन्धित विषयहरूलाई समाहित गर्ने खालका प्रावधानहरू राखिनुपर्ने कुराको प्रस्ताव गर्दैछन् । यसको मुख्य उद्देश्य भनेको बालबालिकालाई शोषण हुन र गलत किसिमले प्रयोग हुनबाट रोक्ने र उनीहरूलाई हिंसा र गिरफ्तार हुनबाट जोगाउने नै हो ।

त्यो आचारसंहिताले राजनीतिक दलहरू र अन्य राजनीतिककर्मीहरूलाई विद्यालयहरूलाई राजनीतिक भेला अथवा गतिविधिबाट मुक्त गर्न र विद्यालयका बालबालिकालाई कुनै पनि राजनीतिक भेला वा प्रदर्शनमा लान प्रोत्साहित तथा जवरजस्ती नगर्ने कुराप्रति प्रतिवद्ध गराउनुपर्छ ।

अन्य कानुन तथा नियमहरूले विद्यालयलाई राजनीतिककर्मीले प्रयोग गर्ने, विद्यालयका बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग गर्ने, बालबालिकालाई उनीहरूका अभिभावकहरूको पूर्व स्वीकृति विना भर्ना/संलग्न गराउने र राजनीतिक व्यक्तिहरूलाई ओसार्न विद्यालयका बसहरूको प्रयोग गर्नेजस्ता कुरामा प्रतिवन्ध लगाउनुपर्छ ।

काठमाडौं, मार्च २००७ ।